नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक ८९ | २०८२ साल कात्तिक १७ गते सोमबार (3 Nov 2025 Monday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : फागुनमा चुनाव हुन नसके... ३ पृष्ठमा : प्रदेश र स्थानीय तहलाई ... ३ पृष्ठमा :दिल्लीको वायु प्रदूषण...

# बलात्कार मुद्दाका दोषी कारागारबाट भागेर पीडितसँगै गरे बिवाह




**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

बलात्कारको कसुरमा कारागार कार्यालय सप्तरीमा कैदी जिवन बिताइरहेका एक कैदीले पीडित किशोरीसँगै विवाह गरेको खुलासा भएको छ ।

गत भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कारागार कार्यालय सप्तरी राजविराजबाट फरार भएका सप्तरीको महादेवा गाउँपालिका ४ निवासी २४ वर्षीय शत्रुघन मुखियाले पीडित किशोरीसँगै विवाह गरेका हुन् ।

कारागारबाट फरार भएका कैदीबन्दीहरुलाई सरकारले फिर्ता हुन सूचना जारि गरेपछी मुखिया केही सातापछि विवाह गरेर पुनः आफैं कारागार फर्केका हुन् । उनी कारागारमा फर्किदा दुलहीको रुपमा ती किशोरीलाई लिएर आएका थिए ।

शत्रुघन दुई वर्ष अघि एक किशोरीको बलात्कारको आरोपमा सप्तरी जिल्ला अदालतबाट १२ वर्ष कैद सजाय पाएका थिए । त्यतिबेला पीडितका रुपमा उभिएकी ती किशोरी नै अहिले उनको श्रीमतीको रुपमा देखिएकी छिन् । पीडित किशोरी र मुखिया छिमेकी हुन् ।

कारागारबाट फरार भएको भोलिपल्टै भदौ २६ गते मुखियाले स्थानीय कमलामाई मन्दिरमा किशोरीसंग विवाह गरेको बताएका छन् । गाउँका भरभलादमीको रोहबरमा भएको विवाहपछि उनी असोज १९ गतेसम्म किशोरी कै घरमा बस्दै आएका थिए ।

कारागार प्रशासनले २० असोजसम्म आत्मसमर्पण गर्न सुचना जारी गरेपछि उनी सोही दिन आफैं कारागार कार्यालय सप्तरीमा नयाँ दुलहीलाई साथमा लिएर आत्मसमर्पण गर्न आए ।

कारागार फर्किदै गर्दा मुखिया दम्पतीले भने, "हामी प्रेममा थियौं, जबरजस्तीकरणी थिएन ।" दुई वर्षअघि सप्तरी जिल्ला अदालतले जबरजस्ती करणीमा दोषी ठहर गर्दै शत्रुघनलाई १२ वर्ष कैद सजाय सुनाएको थियो ।

आफुहरुबीच प्रेम रहेको र त्यस बेला पनि प्रेम विवाह गरी सहमती मै शारिरीक सम्बन्ध कायम भएको शत्रुघनको भनाई छ । तर अदालतले विहे गर्ने उमेर नपुगेको तथा पीडित पक्षको उजुरी तथा प्रहरी प्रतिवेदनको आधारमा

*बाँकी दुई पृष्ठमा*

# बसको ठककरबाट एकै परिवारका तीनसहित चार जनाको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, १६ कात्तिक ।**

यात्रुवाहक बसले अटो रिक्सालाई ठक्कर दिँदा एकै परिवारका तीन सदस्यसहित चार जनाको मृत्यु भएको छ भने दुई बालबालिका गम्भीर घाइते भएका छन् ।

विराटनगरबाट धनगढी गइरहेको सुप्र०१-००१ख ३२८८ नम्बरको बसले विपरीत दिशाबाट आइरहेको प्रदेश२-०१-००१ह १२३० नम्बरको अटोरिक्सालाई शनिबार साँझ ठक्कर दिएको थियो ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार पूर्वपश्चिम राजमार्गअन्तर्गत धनुषाको गणेशमान चारनाथ नगरपालिका-१ स्थित वीरेन्द्र बजारमा भएको उक्त दुर्घटनामा सोही नगरपालिका भरतपुरका ४० वर्षीय धनबहादुर पुर्वछाने मगर, ३५ वर्षीय शम्भु पुर्वछाने मगर, ३५ वर्षीया निशा मगर र करिब ४० वर्षीय अटो चालक डम्बर राईको मृत्यु भएको हो । उनीहरूको घटनास्थलमै मृत्यु भएको हो ।

प्रहरी निरीक्षक केसीका अनुसार दुर्घटनामा १४ वर्षीय शीतल मगर र नौ वर्षीय रोशन मगर गम्भीर घाइते भएका छन् । उनीहरूलाई उपचारका लागि जनकपुरधामस्थित न्यूरो अस्पतालमा भर्ना गरिएको छ । प्रहरीले दुर्घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको जनाएको छ ।

# लालपूर्जाको माग गर्दै राजविराजवासी पुनः आन्दोलनको तयारीमा



**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

दशकौंदेखी ब्लक, बिटोरी जग्गाको लालपूर्जा पाउनबाट बञ्चित राजविराज नगरवासी पुनः आन्दोलनको तयारीमा जुटेका छन् ।

यस अघि चार चरणको आन्दोलन गरिसकेका नगरवासीले अझै माग पुरा नभएपछि पाचौ चरणको आन्दोलनमा जाने तयारी थालेका हुन् ।

आइतबार जिल्ला समन्वय

*बाँकी तीन पृष्ठमा*

# विद्यालयकै केही जिम्मेवारी पदाधिकारी, जनप्रतिनिधि र शिक्षकबाट आफू असुरक्षित : प्रअ दास



**दैनिक समाचारदाता**
**राजविराज, १६ कात्तिक ।**

सप्तरीको शम्भुनाथ नगरपालिकास्थित श्री बुद्धिलाल मुनर नमुना मावि विद्यालय भगवतपुरका निमित्त प्रधानाध्यापक गजेन्द्र प्रसाद दासले विद्यालयकै केही जिम्मेवारी पदाधिकारी, जनप्रतिनिधि र शिक्षकबाट असुरक्षित भएको गुनासो पोखेका छन् ।

न्यायका लागि आइतबार राजविराज आइपुगेका उनी संचारकर्मीहरुलाई भेट्दै आफू वरिष्टत्तम शिक्षक भएपनि कनिष्ट शिक्षक तुलसी दास चौधरीलाई निमित्त प्रअ बनाउने चलखेल भएको र सोको प्रतिबाद गर्न खोज्दा आफूलाई असहयोग भएको मात्र होइन ज्यान मार्ने सम्मको धम्की आउन थालेको बताए ।

बि.स.२०५३ सालमा शिक्षण पेशामा प्रवेश गरि आफू २०६० साल चैत १० गते देखी स्थायी भई नियमित रुपमा विद्यालयमा अध्यापन कार्य गर्दै आएको भएपनि विद्यालय व्यवस्थापन समितिका

*बाँकी तीन पृष्ठमा*

**स्वदेशी वस्तुको प्रयोग गरौं ।**

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै वस्तु वा सेवा खरिद गर्दा स्वदेशी वस्तु तथा सेवा खरिद गर्नुपर्ने,
- त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने,
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने,
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ

उक्त व्यवस्थाको पालना गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सडकका कारण दुर्घटनाको जोखिम बढ्दो

राजविराजको मुख्य सडकहरुमा दुर्घटनाको जोखिम अहिले निकै बढेको छ। हनुमान मन्दिर मोड नजिक रहेको सडक स्तरोन्नति नहुँदा आवतजावतमा समस्या भइरहेको छ। लामो समयदेखी सडक निर्माण हुन नसक्दा सडक जीर्ण भएर ठूलठूला खाल्डा भएका छन् तर मर्मत समेत नहुँदा सास्ती भइरहेको छ। यस्तै हुलाकी राजमार्गसमेत पर्ने उक्त सडकमा माटो र ग्राभेल हाल्दा वर्षाले हिलो हुने र फेरि खाल्डो पर्ने गरेकाले झनै समस्या हुने गरेको छ।

जीर्ण सडकका कारण दुर्घटनाको जोखिम रहेको छ। मर्मतका लागि सम्बन्धीत निकायले चासो दिएको छैन। राजविराज काठमाडौँलगायत स्थानमा लामो तथा छोटो दूरीका बस सञ्चालन हुन्छन्। यस सडकको दूरावस्थाका कारण दैनिक साना-ठूला दुर्घटना हुने गरेका छन्। उक्त खण्ड तत्काल मर्मत तथा पुनःनिर्माण गरी आवागमन सहज बनाउन कसैको ध्यान नपुग्नुले लापरवाही नै भएको बुझ्न सकिन्छ।

तसर्थ यस्ता चाप हुने सडकहरुको अवस्था सुधार गर्न अति आवश्यक छ। सडक मर्मत गरि आवागमनमा सहजता बनाउनेतर्फ सरोकारवाला निकायको चासो जानु जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# फागुनमा चुनाव हुन नसके संसद् पुनःस्थापनामा जोड

काठमाडौँ, १६ कात्तिक (रासस)।

कानुन व्यवासायी एवं विभिन्न सङ्घसंस्थासम्बद्ध बुद्धिजीवीहरूले आगामी फागुन २१ गते निर्वाचन हुन नसके विघटित प्रतिनिधिसभा पुनः स्थापना हुनुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

प्रजातान्त्रिक विचार समाज नेपालले शनिबार यहाँ आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सभागी हुँदै वरिष्ठ अधिवक्ता एवं बुद्धिजीवीहरूले सुरक्षा व्यवस्थासहित निर्वाचनको वातावरण बने राजनीतिक दलहरू निर्वाचनबाट भाग्न नहुने धारणा व्यक्त गर्दै आगामी फागुनमा निर्वाचन हुन नसक्ने परिस्थिति सिर्जना भए संसद् पुनःस्थापना हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

वक्ताहरूले तोकिएको समयमा निर्वाचन नभए मुलुक राजनीतिक अस्थिरताको दलदलमा फसी अनिश्चय र अन्यौलको वातावरणसहित अकल्पनीय परिस्थिति सिर्जना हुनेतर्फ सचेत गराउँदै सम्भावित जोखिमबाट देशलाई जोगाउन पनि प्रतिनिधिसभा आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

जेन्जी आन्दोलनका क्रममा गत भदौ २३ र २४ गते भएको अकल्पनीय एवं दुःखदायी घटनाबाट राष्ट्रलाई अपूरणीय क्षति पुगेको उल्लेख गर्दै उहाँहरूले त्यस किसिमको जघन्य एवं आपराधिक घटनाको निष्पक्ष छानबिन गरी दोषी देखिएकालाई कारबाही गर्न माग गर्नुभयो । जेन्जी आन्दोलनका क्रममा घुसपैठ भई लुटपाट, तोडफोड र आगजनी भएको चर्चा गर्दै वक्ताहरूले त्यस्तो अराजक गतिविधिमा संलग्न पक्षलाई कानुनको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा वरिष्ठ विधिवक्ता हरिहर दाहाल र उपेन्द्रकेशरी न्यौपानेले पहिलो प्राथमिकता निर्वाचनलाई दिनुपर्ने र निर्वाचन हुन नसके राजनीतिक समाधानका लागि प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

समाजका पूर्वअध्यक्ष डा केदारनरसिंह केसीले शान्तिसुरक्षासहित निर्वाचनको वातावरण बनिनसकेको उल्लेख गर्दै सरोकार भएका राजनीतिक दलहरूसहित सबैलाई विश्वासमा लिई निर्वाचनको वातावरण बनाउन सरकारसँग आग्रह गर्नुभयो।

यसैगरी समाजको अध्यक्ष कुलचन्द्र वाग्लेले नेपाली जनताको ठूलो त्याग, तपस्या र बलिदानीबाट प्राप्त प्रजातन्त्रमाथि अहिले कालो बादल मडारिएको भनी चिन्ता व्यक्त गर्दै अप्ठ्यारो अवस्थामा पुगेको मुलुकलाई राजनीतिक निकास दिन विश्वासको वातावरणसहित सम्पूर्ण नेपालीबीच एकता हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिल कार्की, डेमोक्रेटिक लयर एसोसिएसनका अध्यक्ष सीताराम केसी र पूर्वअध्यक्ष योगेन्द्र अधिकारीले शान्तिसुरक्षाको प्रत्याभूति नभएको भन्दै राजनीतिक पार्टी निर्वाचनमा जान डराइरहेको र निर्वाचन प्रक्रियामा महत्वपूर्ण भूमिका हुने सुरक्षाकर्मीको मनोबल खस्केको अवस्थामा घोषित मितिमा निर्वाचन हुन नसकी देश अझै अप्ठ्यारोमा जाने हो कि भनी चिन्ता व्यक्त गर्नुभयो।

नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले आगामी फागुनमा निर्वाचन नभए देशमा थप अराजकता र अस्थिरताको अवस्था सिर्जना भई अभिव्यक्ति एवं प्रेस स्वतन्त्रतासमेत हनन हुनसक्ने आशङ्का व्यक्त गर्नुभयो।

अन्तरक्रिया कार्यक्रममा प्रजातन्त्रवादी प्रध्यापक सङ्घका सचिव विष्णुप्रसाद पोखरेल र चिकित्सक सङ्घका सचिव सञ्जीव तिवारी, डा बद्री रिजाल, वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले, अर्थविज्ञ भुवनेश्वर भट्टराई, इञ्जिनियरसम्बद्ध संस्था सेडनका पूर्वअध्यक्ष लक्ष्मण केसी, इञ्जिनियरद्वय महेश्वर नरसिंह केसी र सुदर्शन शर्मा, प्रजातान्त्रिक विचार समाज नेपालका वरिष्ठ उपाध्यक्ष गोकर्ण अर्याल र महासचिव वासुदेव भण्डारी, सल्लाहकार राजन कुइँकेल, पूर्वसदस्य एवं सञ्चारकर्मी सरोज अधिकारीलगायतका वक्ताले घोषित मितिमा निर्वाचन गर्न सबै एकजुट हुनुपर्ने त्यो सम्भव नभएमा विघटिन प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्नेमा जोड दिनुभयो।

# बेमौसमी वर्षाले सुनसरीमा दुई अर्ब बढीको कृषिउपज नष्ट

सुनसरी, १६ कात्तिक (रासस)।

यही कात्तिक १३ र १४ गते परेको बेमौसमी वर्षाले सुनसरीका किसानको पाक्न लागेको धान तथा तरकारीबाली क्षति पुऱ्याएको छ। जिल्लामा लगाइएको धान, तरकारीबालीमा क्षति पुग्दा करिब रु दुई अर्ब बराबरको नोक्सान भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएकोछ।

केन्द्रका प्रमुख नीलकमल सिंहले जिल्लामा ४८ हजार ९०० हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेकामा वर्षाले करिब १४ हजार ४०० हेक्टरमा क्षति पुऱ्याएको जानकारी दिनुभयो। उहाँका अनुसार धानमध्ये राधाबार, बास्मतीलगायत जातका बालीमा बढी क्षति पुगेको छ।

"अगौटे जातका करिब २० प्रतिशत किसानले धान काटिसकेका थिए, बाँकी हावाहुरी र वर्षाले खेतमा लडाएको छ", सिंहले भन्नुभयो, "अहिलेसम्म करिब नौ हजार ६०० हेक्टर क्षेत्रफलको धान मात्र काटिएको छ। बाँकी बाढी र निरन्तरको वर्षाका कारण कुहिने अवस्थामा पुगेको छ।"

अहिले पनि वर्षा भइरहेकाले किसानले काटेर राखेको धान पनि उठाउन समस्या भइरहेको उहाँको भनाइ छ। "केही दिनमा घाम लाग्यो भने पानी सुकेपछि लडेको धान निकाल्न सकिन्छ, तर केही गुणस्तर भने घटेरै आउँछ, नभए त्यही कुहिएर जाने अवस्था आउँछ", उहाँले भन्नुभयो।

रामधुनी नगरपालिका-९ का किसान जङ्गबहादुर घिमिरेले दुई बिघा क्षेत्रफमा लगाउनुभएको धान वर्षाले पूरै नष्ट पारेको बताउनुभयो। उहाँका अनुसार वर्षाले खेतमा बाँकी रहेको धान पनि कुहिने अवस्था छ। "करिब १२ कट्ठा जति धान खान वा गाईवस्तुलाई घाँसका रूपमा प्रयोग गर्न पनि नमिल्ने गरी क्षति भएको छ। दुई दिनको वर्षाले दुई लाखभन्दा बढीको नोक्सानी भयो", उहाँले भन्नुभयो।

घिमिरेले पाकेको धान केही काटेर राखेको भए पनि वर्षाले कुटेर क्षति पुऱ्याएको बताउनुभयो। उहाँले भन्नुभयो, "गत असोजमा आएको वर्षाले खासै नोक्सान गरेन, तर अहिलेको वर्षाले काटेको र काट्न बाँकी धान पूरै नष्ट गऱ्यो। रोपाइँका सकयमा पानीको अभाव भयो, डिप बोरिङमार्फत रोपेको धान पाक्ने बेला वर्षाले तहसनहस बनायो। हाम्रो जीविकापार्जन भनेकै खेती हो, अरु केही पेसा व्यवसाय छैन।"

रामधुनीका किसान सुरकुमार राईले करिब नौ कट्ठामा लगाएको तरकारी र आठ कट्ठाको धान बेमौसमी वर्षाले नष्ट पारेको बताउनुभयो। उहाँले भन्नुभयो, "तरकारी फलिसकेको थियो, धान पनि पाक्न लागेको थियो, सबै खेतमै लडायो। यही धान र तरकारी वर्षभरि खाने अन्नको व्यवस्थापन गर्छौं, अब कसरी वर्षदिन गुजारा गर्ने भन्ने चिन्ता छ।"

सुनसरीमा चार सय ५८ हेक्टरमा हुने कोदोखेतीमध्ये करिब १० प्रतिशतमा क्षति पुगेको कृषि ज्ञानमा केन्द्रका प्रमुख सिंहले बताउनुभयो। उहाँले भन्नुभयो, "कोदोको बोट अलिक होचो र बलियो हुने भएकाले कम क्षति भयो।" आठ हजार १०० हेक्टरमा हुने तरकारीखेतीमध्ये करिब ९५ प्रतिशतमा क्षति पुगेको उहाँले जानकारी दिनुभयो।

प्रमुख सिंहका अनुसार फलेका काँक्रो, परवल, बोडी, घिरौँलालगायत तरकारी तथा बिरुवा पनि नष्ट भएको छ। जिल्लामा ५३० हेक्टर क्षेत्रमा हुने केरा खेतीमध्ये ८० प्रतिशत वर्षाले नष्ट गरेको जनाउँदै उहाँले केही उखुखेतीमा समेत क्षति पुगेको बताउनुभयो।

जिल्लाका देवानगञ्ज, रामधुनी, कोशी, इनरुवा र भोक्राह नरसिंह गाउँपालिकामा सबैभन्दा बढी धान, केरा र तरकारीखेतीमा क्षति पुऱ्याएको ज्ञान केन्द्रले जनाएको छ। केन्द्रका प्रमुख सिंहका अनुसार अहिलेसम्म सङ्कलन भएको विवरणमा करिब रु दुई अर्ब ५० करोड बराबरको क्षति भएको छ। उहाँले भन्नुभयो, "सबै पालिकाबाट क्षतिको विवरण सङ्कलन भइरहेको छ। यसका लागि सम्बन्धित निकायलाई विवरण सङ्कलनका लागि पत्राचार गरिसकिएको छ।"

### बलात्कार मुद्दाका ...

जबरजस्ती करणी मुदामा सजाय तोके पछि उनी जेल चलान भएका हुन्। न्यायका लागी अहिले उच्च अदालत जनकपुर-राजविराज इजलाश समक्ष पुनरावेदन गरेको उनले जानकारी दिए।

शुरुमा शत्रुघनका अभिभावकले प्रेम सम्बन्धलाई विवाहको रुप दिन अस्विकार गर्दा आफ्ना अभिभावकले शत्रुघन विरुद्ध बलात्कारको आरोप लगाई प्रहरीमा उजुरी दिएको ज्योतिको भनाई छ। अहिले पनि उनका बुवाले आफुहरुको विवाहलाई स्वीकार्न तयार नरहेको ती किशोरीले सुनाइन्।

उनका अनुसार सुरुवातमै दुबैबीच प्रेम सम्बन्ध थियो, तर परिवारको अस्वीकारका कारण विवाद चर्कियो। "बुवाले उजुरी गरेपछि शत्रुघन जेल परे। गाउँले र अभिभावकले जे भने त्यही कागजमा सही गरें त्यही कागजले उनलाई जेलमा पुऱ्यायो" किशोरीले भनिन् अहिले डेढ महिनाको गर्भवती छु।

फरार भएर पनि शत्रुघन स्वेच्छाले कारागार फर्किनु सकारात्मक कदम भएपनि सजाय पुरा गर्न अझ करिब १० वर्ष बाँकी रहेको कारागार कार्यालय सप्तरीका प्रमुख गंगालाल योगीले बताए।

# प्रदेश र स्थानीय तहलाई छुटयाइएको अनुदान हस्तान्तरण नहुँदा बजेट कार्यान्वयन प्रभावित : वित्त आयोग प्रतिवेदन

काठमाडौँ, १६ कात्तिक (रासस) ।

सङ्घ सरकारले प्रदेश र स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई वार्षिक बजेटमार्फत् छुटयाउने विभिन्न शीर्षकको अनुदान रकम आर्थिक वर्षको बीचमा कटौती हुँदा समग्र बजेट कार्यान्वयन भएको देखिएको छ ।

गत असोज ३० गते राष्ट्रपतिसमक्ष पेस भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौँ वार्षिक प्रतिवेदनअनुसार आयोगको सिफारिस बमोजिम अनुदान नछुटयाइएको मात्र नभइ तल्लो तहमा पठाउने भनेर तोकिएको रकमसमेत आंशिक रुपमा हस्तान्तरण हुने गरेको देखिएको हो । यस्तो प्रवृत्तिले बजेट कार्यान्वयनमा समस्या देखिएको आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

"आयोगले आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई रू ६० अर्ब र स्थानीय सरकारलाई रू ८८ अर्ब हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम विनियोजन भए तापनि प्रदेश सरकारलाई विनियोजनको ९१ दशमलव ७६ प्रतिशत र स्थानीय सरकारलाई ९१ दशमलव ७४ प्रतिशत हस्तान्तरण भएको देखिन्छ", प्रतिवेदनमा भनिएको छ, "सिफारिस र बजेट विनियोजन बमोजिमको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ ।"

सङ्घ सरकारबाट मात्र नभइ केही प्रदेशहरुलेसमेत स्थानीय तहलाई छुटयाएको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगरेको प्रतिवेदनमा उल्लेख छ । गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशले ९९ दशमलव ७५ र कर्णालीले ९८ दशमलव ९१ प्रतिशत मात्र हस्तान्तरण गरेको देखिन्छ ।

वित्तीय समानीकरण अनुदानतर्फ गतवर्ष यी दुई प्रदेशले समान ९५ करोड विनियोजन गरेका थिए । यी दुई प्रदेशले विनियोजन बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगर्नुको वस्तुनिष्ठ आधार र कारण खुलाउन नसकेको आयोगको प्रतिवेदनमा जनाइएको छ ।

त्यस्तै, सशर्त अनुदानतर्फ भने सङ्घ सरकार र प्रदेशले आयोगलाई तथ्याङ्क नै उपलब्ध नगराएको पनि प्रतिवेदनमा उल्लेख छ । "आयोगले अघिल्ला आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरेको आधार बमोजिम हस्तान्तरण भए नभएको सम्बन्धमा तथ्याङ्क उपलब्ध नभएकाले विश्लेषण गर्न सकिएन", वार्षिक प्रतिवेदनमा भनिएको छ ।

केही स्थानीय तहहरुले नगर विकास कोषबाट ऋण लिँदा कानुनको परिपालना नगरेको पनि आयोगले औँल्याएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा १६ वटा पालिकाले नगर विकास कोषबाट रु ३७ करोड १९ लाख ३६ हजार बराबर ऋण लिएका थिए ।

जसमध्ये केही स्थानीय सरकारले वार्षिक बजेटमा आन्तरिक ऋणको अनुमान नै नगरीकन ऋण उठाएको तथा केही पालिकाले आयोगले सिफारिस गरेको सीमाभन्दा बढी ऋण उठाएको देखिएको आयोगले वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ ।

# राजदूत फिर्ता बेलाउने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

काठमाडौँ, १६ कात्तिक (रासस) ।

सर्वोच्च अदालतले अन्तरिम सरकारले राजदूतहरू फिर्ता बोलाउन गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।

न्यायाधीशहरू शारङ्गा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले आइतबार राजदूत फिर्ता बोलाउनेसम्बन्धी सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, "विभिन्न देशका १७ जना आवासीय राजदूतमध्ये ११ जनालाई मात्र छनोट र पदमुक्त गरी फिर्ता बोलाउने निर्णय गर्दा त्यसको आवश्कता र औचित्य पुष्टि हुने कुनै कारणसमेत निर्णयमा उल्लेख भएको छैन । प्रस्तुत निवेदन अन्तिम आदेश हुँदा ठहर भएबमोजिम हुने हुँदा हाललाई मन्त्रिपरिषद्को २०८२ असोज ३० मा भएको राजदूत फिर्ता बोलाउनेसम्बन्धी निर्णय हाललाई कार्यान्व्यन नगर्नू ।"

यसअघि, न्यायाधीश विनोद शर्माको एकल इजलासले यही कात्तिक ९ गते यस विषयमा लिखित जवाफ माग गरेको थियो । अदालतले दुवै पक्षको छलफलपछि आइतबार अन्तरिम आदेश जारी गर्दै राजदूत फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न भनेको हो ।

अधिवक्ता प्रतिभा उप्रेतीले यही कात्तिक २ गते प्रतिनिधिसभा नै विघटन भएको अवस्थामा संसदीय सुनुवाइ हुनसक्ने कुनै गुञ्जायस नै नभएकाले संविधानतः राजदूत नियुक्ति हुन नसक्ने अवस्था नै नभएकाले राजदूत फिर्ता बोलाउने सरकारको निर्णय गैरकानुनी भएको उल्लेख गर्दै उक्त निर्णय बदरको मागसहित रिट निवेदन दायर गर्नुभएको थियो ।

गत असोज ३० गते सरकारले कात्तिक २० गतेभित्र ११ जना राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । फिर्ता बेलाइएका राजदूतमा चीनका प्रा डा कृष्णप्रसाद ओली, जर्मनीका डा शैल रुपाखेती, इजरायलका प्रा धनप्रसाद पण्डित, मलेसियाका डा नेत्रप्रसाद तिमल्सिना, कतारका रमेशचन्द्र पौडेल, रुसका जङ्गबहादुर चौहान, साउदी अरबका नरेशविक्रम ढकाल, स्पेनका सनिल नेपाल, संयुक्त अधिराज्य बेलायतका चन्द्रकुमार घिमिरे, संयुक्त राज्य अमेरिकाका लोकदर्शन रेग्मी र जापानका डा दुर्गाबहादुर सुवेदी रहनुभएको छ ।

## *विद्यालयकै केही ...*

केही पूर्व र वर्तमान पदाधिकारी, शिक्षक, शिक्षा शाखाका प्रमुख र जनप्रतिनिधीसमेत मिलेर बढुवा प्रक्रियामा अन्याय गर्न खोजेको गुनासो गरे ।

बि.स. २०७५ साल फागुन ८ गते शिक्षा नियमावली विपरीत तत्कालिक विद्यालय व्यवस्थापन समितिले शिक्षक चौधरीलाई करारमा प्रअको नियक्ति दिएपछी आफू न्यायका लागि अदालतको शरणमा पुगेको बताए । उनले उच्च अदालत जनकपुर-राजविराज इजलाशले २०८१ माघ २३ गते निज चौधरीको प्रअ पदमा ५ वर्षका लागि गरिएको नियक्ति उत्प्रेषणको आदेशले बदर गरेपछी वरिष्टत्तमको आधारमा आफू निमित्त प्रअको जिम्मेवारीमा पुगेको उनको भनाई छ ।

तर आफूलाई कुनै बरबुझारथ नै नगरि तथा अदालतको आदेशको समेत वेवास्था गर्दै वडा अध्यक्ष गोपाल प्रसाद चौधरी, केही शिक्षक, विद्यालय व्यवस्थापन समितिका केही पदाधिकारी र शिक्षा शाखाका प्रमुख बिदुरबिक्रम थापासमेत मिलेर २०८२ असार ११ गते गोप्य बैठक गरि निज चौधरीलाई पुनः प्रअको जिम्मेवारीमा पुऱ्याएको उनको भनाई छ ।

उक्त निर्णय बिरुद्ध आफू अदालतको अवहेल्ना मुद्दा २०८२ असार १२ गते उच्च अदालत जनकपुर-राजविराजमा इजलाशमा दर्ता गराएको र हाल विचाराधिन अवस्थामा रहेको उनले सुनाए । कानुनी रुपमा हाल निमित्त प्रअको रुपमा आफू नै जिम्मेवारी सम्हालिरहेको भएपनि विपक्षिहरु मिलि काम गर्न अवरोध गर्ने र डरत्रास, धम्की दिएर भगाउन खोजेको उनको आरोप छ ।

उनले २०८१ माघ २३ गते भएको अदालतको आदेशको अवज्ञा गर्दै पूर्वकरारका प्रअ चौधरीले हालसम्म बरबुझारथ गर्न नमानेको र ताकेता गर्दा विद्यालयमा उपद्र मचाउनुका साथै धाकधम्की दिन थालेको भन्दै उनले शान्ति सुरक्षाको वातावरण मिलाईदिन समेत सरोकारवालासँग आग्रह गरेका छन् ।

## *लालपूर्जाको माग ...*

समितिका प्रमुख शिवनारायण साह, राजविराज नगरपालिकाका नगर प्रमुख ( हाल निलम्बित अवस्थामा) भिमराज यादव, संघर्ष समितिका संयोजक इरसाद अन्सारी, संघर्ष समितिका वार्ता टोली सदस्य शम्भुलाल देव लगायतको अगुवाईमा बसेको बैठकले पाचौं चरणका आन्दोलनमा जाने निर्णय गरेको छ ।

यसका लागि आउदो शनिबार नगरवासीको बृहत भेला बस्ने र सोही भेलाबाट पाचौ चरणको आन्दोलन कार्यक्रम तय गरिने निर्णय भएको बैठकमा सहभागि जिल्ला समन्वय समितिका प्रमुख साहले जानकारी दिए ।

यसअघि ब्लक, बिटोरी जग्गाको आन्दोलनका क्रममा गत फागुन १८ गते नगरपालिका, स्थानीय प्रशासन, सुरक्षा निकाय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा बिटौरी जग्गाको लालपूर्जा वितरणका लागि अविलम्ब पहल गर्ने सहमति भएको थियो । तर सो सहमति कार्यान्वयनमा ढिलाई भएको भन्दै नगरवासी पुनः आन्दोलित भएका हुन् ।

बि.स. २०१६ सालमा राजविराज नगरपालिका स्थापना भएको काल देखी नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँका करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार २ सय परिवार जग्गाधनी पुर्जा पाउनबाट बञ्चित रहेका छन् ।

# विश्व समाचार

## दिल्लीको वायु प्रदूषण नियन्त्रणमा भारतको 'महँगो प्रयोग' असफल

नयाँदिल्ली, १६ कात्तिक (रासस/एएफपी) ।

भारतले आफ्नो फराकिलो राजधानी नयाँदिल्लीमा क्लाउड सिडिङ अर्थात् कृत्रिम वर्षा प्रयोगमार्फत वायु प्रदूषण नियन्त्रण गर्न गरेको प्रयास असफल भएको देखिएको छ । वैज्ञानिक र वातावरणीय अभियानकर्मीहरूले यस कदमको प्रभावकारिता र औचित्यमाथि प्रश्न उठाएका छन् । क्लाउड सिडिङमा विमानबाट बादलमा सिल्भर आयोडाइड र नुनजस्ता कणहरू छर्काइन्छ, जसले वर्षा निम्त्याएर वायुमण्डलका प्रदूषकहरूलाई पखाल्ने अपेक्षा गरिन्छ । दिल्ली सरकारले इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी ( आइआइटी) कानपुरसँगको सहकार्यमा गत हप्ता सहरका केही क्षेत्रमा सेस्ना विमान प्रयोग गरी परीक्षण सुरु गरेको थियो । तर पातलो बादलका कारण पहिलो परीक्षणबाट अपेक्षित परिणाम नआएपछि अत्यन्त न्यून मात्र वर्षा भएको जनाइएको छ ।

वातावरणीय अभियानकर्मी भावरीन कान्धारीका अनुसार यस्तो प्रविधि 'भ्रमपूर्ण' हो । उहाँले भन्नुभयो, "यसले कहिल्यै काम गर्दैन । जबसम्म हामी वायु प्रदूषणका वास्तविक स्रोतहरू हटाउँदैनौँ, तबसम्म समस्या समाधान हुँदैन ।" स्थानीय सञ्चारमाध्यमका अनुसार यस परीक्षणमा सरकारले करिब तीन लाख ६४ हजार अमेरिकी डलर खर्च गरेको छ । हरेक जाडोमा बाक्लो धुवाँले दिल्ली र यसका करिब तीन करोड बासिन्दालाई घेरिरहेको हुन्छ । चिसो मौसममा खेतमा आगो लगाउने, कारखानाबाट निस्किने धुवाँ र सवारीसाधनका उत्सर्जनले वायुमण्डललाई विषाक्त बनाउँछ । सवारीसाधनमा प्रतिबन्ध, धुवाँ सोस्ने टावर र कुहिरो छर्किने ट्रकजस्ता प्रयासहरूका बावजुद पनि दिल्लीको हावाको गुणस्तर विश्वका राजधानीहरूमध्ये सबैभन्दा खराब अवस्थामा रहेको छ । पछिल्लो परीक्षणको भोलिपल्ट मात्रै क्यान्सर उत्पन्न गर्ने सूक्ष्म कण एः २.५ को स्तर ३२३ पुगेको थियो । यो विश्व स्वास्थ्य सङ्गठनले तोकेको दैनिक सीमा भन्दा करिब २० गुणा बढी हो । विशेषज्ञहरूले यस अवस्थालाई आगामी दिनमा अझ बिग्रिने अनुमान गरेका छन् ।

सन् २००९ देखि २०१९ सम्म भारतमा वायु प्रदूषणका कारण ३८ लाख मानिसको मृत्यु भएको अध्ययन द ल्यान्सेट प्लानेटरी हेल्थ पत्रिकामा प्रकाशित छ । यसबीच, क्लाउड सिडिङमा प्रयोग गरिएका रसायनहरूको दीर्घकालीन प्रभावबारे पनि चिन्ता व्यक्त गरिएको छ । अमेरिकी वातावरणीय संरक्षण एजेन्सीका अनुसार सीमित अध्ययनले सिल्भर आयोडाइडले गम्भीर स्वास्थ्य जोखिम उत्पन्न नगरेको देखाए पनि यसको व्यापक प्रयोगका दीर्घकालीन असरहरू अझै अज्ञात छन् । वातावरणीय विज्ञहरूका अनुसार क्लाउड सिडिङले वर्षा गराउन सफल भए पनि यसको प्रभाव अत्यन्तै अल्पकालीन हुन्छ । कर्नेल विश्वविद्यालयका जलवायु वैज्ञानिक डेनियल भिजनीले भन्नुभयो, "यदि हावामा पर्याप्त आर्द्रता छैन भने यो प्रविधिले वर्षा उत्पन्न गर्न सक्दैन । यसले वर्षालाई एक ठाउँमा केन्द्रित गर्न सक्छ, तर प्रदूषण हटाउने स्थायी उपाय होइन ।" उहाँका अनुसार प्रदूषण घटाउने एकमात्र विवेकपूर्ण उपाय भनेको जीवाश्म इन्धनको दहन कम गर्नु हो ।

दिल्लीका सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) का वीरेन्द्र सचदेवले भने यस प्रयासलाई असफल भनेर खारेज गर्न हतार नगर्न आग्रह गर्नुभयो । उहाँका अनुसार यो अनुसन्धान प्रक्रियाको हिस्सा हो । सफलता सधैँ पहिलो प्रयासमै पाइँदैन । तर आइआइटी दिल्लीका वायुमण्डलीय वैज्ञानिक शाहजाद गनी र कृष्ण अच्युतरावले भने क्लाउड सिडिङ योजनालाई 'विज्ञानको गलत प्रयोग र नैतिकताको बेवास्ता गरिएको उदाहरण' भन्नुभएको छ । दिल्लीस्थित सेन्टर फर साइन्स एन्ड इन्भाइरनमेन्टका विज्ञ मोहन जर्जले पनि कृत्रिम वर्षा कुनै दीर्घकालीन समाधान नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "वर्षा रोकिएपछि प्रदूषण फेरि उस्तै स्तरमा पुग्छ ।"

सन् १९४० को दशकमा पहिलोपटक विकसित गरिएको क्लाउड सिडिङ प्रविधि विश्वका विभिन्न देशहरूमा वर्षा गराउन, कुहिरो हटाउन र खडेरी घटाउन प्रयोग गरिँदै आएको छ, तर परिणाम प्रायः मिश्रित नै देखिएका छन् । चीनले पनि सन् २००८ को बेइजिङ ओलम्पिकका क्रममा मौसम नियन्त्रणको प्रयासस्वरूप यस प्रविधिको प्रयोग गरेको थियो । गनी र अच्युतरावका अनुसार दिल्लीको प्रदूषणका कारणहरू अनियन्त्रित उत्सर्जन र मौसमी बाली जलाउने प्रमुख कारण हुन् भन्ने सबैलाई थाहा छ । समाधान पनि स्पष्ट छ–स्वच्छ इन्धनको प्रयोग, सशक्त फोहोर व्यवस्थापन र नियमको कडा कार्यान्वयन । तर उहाँहरू भन्नुहुन्छ, "यी प्राथमिकताहरूले बलियो बनाउनुको सट्टा वैज्ञानिक समुदायका केही भागहरू र संस्थाहरूले सङ्कटको मूल स्रोतलाई सम्बोधन नगरी थोरै मात्र काम गर्ने महँगो दृश्यलाई विश्वसनीयता दिइरहेका छन् ।"

## भियतनाममा भीषण बाढी, ३५ जनाको मृत्यु, हजारौँ घर डुबानमा

हनोई, १६ कात्तिक (रासस/एएफपी) ।

यस हप्ताको लगातार भारी वर्षा र बाढीका कारण मध्य भियतनाममा कम्तीमा ३५ जनाको मृत्यु भएको छ भने पाँच जना अझै बेपत्ता रहेका छन् । विपद् व्यवस्थापन अधिकारीहरूका अनुसार २४ घण्टाभित्र १.७ मिटर (५ फिट ६ इन्च) सम्मको रेकर्ड वर्षा भएपछि तटीय प्रान्तहरू तहसनहस भएका छन् । भियतनाम विपद् तथा डाइक व्यवस्थापन प्राधिकरण (भिडिडिएमए) का अनुसार मृतकहरू ह्यु, दा नाङ, लाम डोङ र क्वाङ त्रि प्रान्तका रहेका छन् । युनेस्को विश्व सम्पदा सूचीमा रहेको प्राचीन सहर होइ एन पनि कम्मर-गहिरो पानीमा डुबानमा परेको छ । स्थानीय नदी ६० वर्षयताको उच्चतम स्तरमा पुगेपछि बासिन्दाहरू काठका डुङ्गा प्रयोग गरी सहरमा यात्रा गर्न बाध्य भएका छन् ।

होइ एनका निवासी चुओङ गुयेनले भन्नुभयो, "सबैजना स्तब्ध छन् । हामीले बाढीका लागि तयारी गरेका थियौँ तर पानी यति बढ्ने अपेक्षा गरेका थिएनौँ । धेरै घरहरू समयमै तयार हुन नसक्दा धेरै सामान नष्ट भए ।" भिडिडिएमएका अनुसार १६ हजार ५०० भन्दा बढी घर डुबानमा परेका छन्, ४० हजारभन्दा बढी कुखुरा र गाईवस्तु बगाएका छन् र करिब पाँच हजार ३०० हेक्टर (१३ हजार एकड) बाली जमिन बाढीले नष्ट गरेको छ । वातावरण मन्त्रालयका अनुसार कुल एक लाखभन्दा बढी घर बाढीले प्रभावित भएका छन् र १५० भन्दा बढी स्थानमा भूस्खलन भएको छ ।

# कृषिक्षेत्रमा उल्लेखनीय काम किसान सम्मानित

जनकपुरधाम,१६ कात्तिक (रासस)।

कृषिक्षेत्रमा उल्लेखनीय कार्य, उत्पादन तथा उपलब्धि गरेबापत मधेस प्रदेशका आठ जना जिल्लाका आठ जना किसानलाई सम्मान गरिएको छ। विश्व खाद्य दिवसका अवसरमा शनिबार जनकपुरधाममा 'स्वच्छ खाना तथा सुखद भविष्यका लागि हातोमालो' भन्ने नारासहित आयोजना गरिएको समारोहमा प्रदेशका आठ जना किसानलाई नगद, सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको हो।

मधेस प्रदेशको कृषि विकास निर्देशनालयद्वारा आयोजित कार्यक्रममा धनुषाको मिथिला नगरपालिका-८ का तरकारी किसान छविलाल महतो, महोत्तरी पिपरा-४ का दलहन किसान अरुण ठाकुर, सप्तरी अग्निसाइडर कृष्णासवरण-२ का फलफूल किसान महावीरप्रसाद चौधरी, बाराको जीतपुर-१८ का मकै किसान विनिता गौतम, पर्सा विन्दवासिनी-४ का च्याउ किसान सुजितकुमार चौरसिया, सर्लाही बागमती नगरपालिका-११ का मौरी किसान मणिप्रसाद पाण्डे, सिरहा नगरपालिका-२ का खाद्यान्न बीउ उत्पादक किसान बलराम यादव र रौतहटको कटहरिया नगरपालिका-५ का धान उत्पादक किसान रामसिंह राय यादव सम्मानित हुनुभएको हो।

सो अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा उमेश दाहालले सम्मानित किसानलाई नगद रु २५ हजार, दोसल्लासहित सम्मानपत्र प्रदान गर्नुभयो। उहाँले मधेस खाद्यान्नका लागि महत्त्वपूर्ण रहेकाले कृषि क्षेत्रको विकासमा सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गर्नुभयो। कृषि निर्देशनालयका प्रमुख जितेन्द्र यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

# अनलाइन भन्सार डाटाबेस प्रणाली शुभारम्भ

काठमाडौं, १६ कात्तिक (रासस)।

वीरगञ्ज भन्सार कार्यालयबाट शनिबार 'अनलाइन भन्सार डाटाबेस प्रणाली' (कस्टम्स भ्यालुएसन डाटाबेस सिस्टम) शुभारम्भ गरिएको छ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख भएबमोजिम प्रचलित सन्दर्भ मूल्यसूची विस्थापन हुनेगरी अनलाइन भन्सार डाटाबेस प्रणालीको शनिबार अर्थमन्त्री रामेश्वरप्रसाद खनालले 'डिजिटल' माध्यमबाट शुभारम्भ गर्नुभयो।

त्यस अवसरमा अर्थमन्त्री खनालले यो प्रणाली शुभारम्भपछि अर्थतन्त्रको महत्त्वपूर्ण खम्बाका रूपमा रहेको निजी क्षेत्रलाई सुरक्षा र सुशासनको प्रत्याभूतिसहित व्यवसाय सञ्चालन गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले यसका अतिरिक्त अन्तरराष्ट्रिय व्यापारमा विश्व व्यापार सङ्गठनद्वारा अनुमोदित 'ग्याट भेलुयसन प्रणाली'लाई नेपालको भन्सार ऐन, नियममा समेत स्विकारिएको सन्दर्भमा कारोबार मूल्यलाई मान्यता दिनेगरी सोको परीक्षणका लागि अनलाइन कस्टम डाटाबेस प्रणाली कार्यान्वयनमा ल्याइएको बताउनुभयो।

अर्थमन्त्री खनालले भन्नुभयो,"यस प्रणालीको कार्यान्वयनले वैध व्यापारलाई प्रोत्साहन, मूल्यअभिवृद्धि करलगायत अन्य कर कार्यान्वयनमा सहायता पुग्ने छ। साथै अनौपचारिक कारोबारमा कमी आउने र उद्योग व्यवसाय फस्टाउने अपेक्षा राखेका छौँ।"

कार्यक्रममा अर्थसचिव घनश्याम उपाध्याय, भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी, अर्थ मन्त्रालयका सहसचिव उत्तरकुमार खत्री, राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थ चिलुवाल, वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवाली, एसियाली विकास बैङ्कका भन्सार मूल्याङ्कन विज्ञ निर्मलहरि अधिकारी, वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमलगायतको सहभागिता थियो।

# सरकारको नगद मौज्दात ६५ अर्ब ८१ करोड

काठमाडौं, १६ कात्तिक (रासस)।

महालेखा नियन्त्रक कार्यालयले सरकारको आर्थिक वर्ष २०८१/८२ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण बुझाएको छ। उक्त विवरणमा आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन र सम्पत्तिको एकीकृत वार्षिक विवरण समावेश छ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेलले अर्थमन्त्री रामेश्वर खनाललाई समग्र प्रतिवेदन बुझाएको उल्लेख गर्नुभयो। प्रतिवेदनअनुसार आव २०८१/८२ मा सरकारको सञ्चित कोष रु एक खर्ब ९६ अर्ब ३४ करोड ५९ लाखले ऋणात्मक रहेको छ। यस्तै, नगद अवस्था रु ३१ अर्ब ३४ करोड ६१ लाखले ऋणात्मक रहेको छ।

विभिन्न कोषको मौज्दात एवं एक्स्ट्रा बजेटरी निकायको बाँकी मौज्दात रकमको आधारमा नगद तथा बैंक मौज्दात रु ६५ अर्ब ८१ करोड २६ लाखले धनात्मक रहेको प्रवक्ता लामिछानेले जानकारी दिनुभयो।

# सामाजिक सुरक्षा कोषमा ९४ अर्ब

काठमाडौं, १६ कात्तिक (रासस)।

सामाजिक सुरक्षा कोषमा हालसम्म कूल रु ९४ अर्ब नौ करोड एक लाख ७९ हजार बराबरको रकम जम्मा भएको छ। कोषले रु १७ अर्ब २९ करोड ३० लाख ५१ हजार बराबरको रकम योगदानकर्तालाई भुक्तानी समेत गरेको छ।

कोषमा कूल २५ लाख ९२ हजार एक सय ४१ जना सूचीकृत योगदानकर्ताका रुपमा समावेश भएका छन्। कोषमा २२ हजार एक सय २५ सूचीकृत रोजगारदाता रहेका छन्। रोजगारदातालाई क्रमशः सूचीकृत गराउन कोषले आवश्यक पहल समेत गरिरहेको जनाएको छ।

कोषमा औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दावी रकम रु दुई अर्ब ४२ करोड ५० लाख ८१ हजार रहेको छ। यस्तै, दुर्घटना तथा अशक्तता सुरक्षा दावी रकम रु २२ करोड ३१ लाख ६३ हजार, आश्रित परिवार सुरक्षा दावी रकम रु २८ करोड ३५ लाख ९७ हजार र अवकाश दावी रकम रु १४ अर्ब ३६ करोड १२ लाख आठ हजार रहेको छ।

# छिट्टै विभिन्न पार्टीसँग एकता गर्ने माओवादी केन्द्रको निर्णय

काठमाडौं, १६ कात्तिक (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले अबको केही दिनभित्रमा विभिन्न पार्टीसँग एकता गर्ने भएको छ। शनिबार यहाँ पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको सचिवालय बैठकले पार्टीको यही कात्तिक १७ गते हुने यसअघि कायम केन्द्रीय समिति बैठकले पार्टी एकताबारे टुङ्गो लगाउने पार्टीका प्रवक्ता एवं उपाध्यक्ष अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "पार्टी एकता शनिबारको बैठकको एजेन्डा थियो, एकताबारे वैचारिक, सैद्धान्तिक, राजनीतिक र नीतिगत विषयमा करिब करिब सहमति भइसकेको छ। शनिबार खासगरी प्राविधिक र सङ्गठनात्मक विषयमा छलफल केन्द्रित भएको छ।"

प्रवक्ता सापकोटाका अनुसार नेकपा (एकीकृत समाजवादी), महेन्द्र राय यादव नेतृत्वको जनता समाजवादी पार्टी, एमालेमा विद्रोह गर्नुभएका नेता प्रेमबहादुर सिंह र राजु कार्की नेतृत्वको नेकपा (समाजवादी) र सुवाष काफ्ले नेतृत्वको जनसमाजवादीबीच एकता हुँदैछ।

एकताबारे नेपाल कम्युनिष्ट पार्टीबाट विद्रोह गरेको चिरण सि नेतृत्वको समूहसँग पनि छलफल भइरहको उहाँले जानकारी दिनुभयो। "सबैसँग वाम एकता गर्ने हाम्रो जोड हो, तर एकता ढिलो गर्नुहुँदैन, एकता ढिलो गरियो भने राष्ट्रिय राजनीतिमा हाम्रो पहलकदमी कमजोर हुन्छ भन्ने आजको निष्कर्ष हो, नभए राष्ट्र झन् झन् अराजकतातिर गइरहेको छ। फागुन २१ गते सरकारले चुनावको घोषणा गरेको छ, यी अवस्थालाई मध्येनजर गर्दै एकतालाई अगाडि बढाउने भनिएको छ।"

नेता जनार्दन शर्माले तत्काल एकता नगरी माओवादी केन्द्रलाई नै बलियो बनाउनुपर्ने बताउनुभयो। उहाँ आफू बोलेपछि बैठक छोडेर निस्किनुभएको थियो। वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले एकताबारे शर्माको केही फरक मत रहेको तर उहाँ र एकीकृत समाजवादीमा फरक मत राखेका झलनाथ खनालसँग पनि छलफल गरेर अगाडि बढ्ने बताउनुभयो।

## हनुमाननगर कंकालिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

**आन्तरिक आय संकलन कार्य ठेक्कामा दिने सम्बन्धमा**

**सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/१७)

यस कार्यालयद्वारा आ.व. २०८२/८३ देखि आ.व. २०८४/०८५ को लागि तपसिलमा उल्लिखित आन्तरिक आय संकलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संघसंस्थाहरुले यस सम्बन्धमा विस्तृत रुपमा प्रकाशन गरिएको सूचनामा उल्लेखित नियम तथा शर्तको अधिनमा रही छुट्टाछुट्टै दरभाउ पत्र यो सूचना प्रकाशित मितिले तोकिएको मितिभित्र खरिद गरी अलग-अलग सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१ यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपसिल बमोजिम ठेक्काहरुको लागि छुट्टाछुट्टै तोकिए बमोजिमको दरभाउ पत्र फाराम दस्तुररु. १०००/- एक हजार मात्र (पछि फिर्ता नहुने गरी) बुझाई सूचना प्रकाशित मितिले १५ औं (मिति २०८२।०८।०१ गते सम्म) दिनभित्र दरभाउ पत्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र अलग-अलग सिलबन्दी दरभाउपत्र कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

२ शिलवन्दी दरभाउ पत्र पेश गर्दा व्यक्ति भए नागरिकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यलयबाट प्राप्त पान वा भ्याट नम्बरको प्रतिलिपी, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, न.पा. बाट जारी भएको भए व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिक भए कवोल अंकको ५ प्रतिशत धरौटी रकम नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, हनुमाननगर शाखा धरौटी खाता नं. २२३०१००३०३००००२ मा जम्मा गरी सक्कलै भौचर शिलबन्दी दरभाउ पत्रमा संलग्न गर्नु पर्नेछ ।

३ दर्ता भएका सिलबन्दी दरभाउ पत्रहरु दरभाउ पत्र खोल्ने दिनको दिउँसो २:०० बजे यस कार्यालयमा खोलिनेछ। दरभाउ पत्र खोल्दा ठेकेदार वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुनु पर्नेछ। ठेकेदार वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

४ दरभाउ पत्र फाराम खरिद गर्ने,दर्ता गर्ने र दरभाउ पत्र खोल्ने दिनमा बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही समयमा खरिद,दर्ता र खोल्ने कार्य हुनेछ।

५ दरभाउ पत्र स्वीकृत पश्चात सम्झौताकै बखत कबोल रकम एकमुष्ठ बुझाएमा १०% छुट दिइनेछ।कबोल रकम किस्तामा बझाउनका लागि सम्झौताकै बखत प्रथम किस्ता कबोल अंकको ५०% , दोश्रो किस्ता दोश्रो वर्षको पौष मसान्त भित्र ३०% र अन्तिम किस्ता तेश्रो वर्षको चैत्र मसान्त भित्रमा बुझाई सक्नु पर्नेछ ।

६ चलान पुर्जी अगावै दोश्रो र तेश्रो किस्ता वापतको बाँकी रकम बराबर धरौटी स्वरुप बैंक ग्यारेण्टी वा जग्गा धितो जमानत राख्नु पर्नेछ ।

७ म्याद नाघी आएको,शर्त राखिएको वा रित नपुगेको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

८ यो सूचनामा उल्लखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाँकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन र हनुमाननगर कंकालिनी नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

९ ठेक्का सम्बन्धित अन्य शर्तहरु र पोखरीको विवरणहरु यस नगरपालिकाको वेवसाईट Hanumannagarkankalinimun.gov.np मा प्राप्त गर्न सकिनेछ साथै राजश्व शाखा ९८६९२६६०७२ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*